# सुरक्षित भवन निर्माणका लागि
# नेपाल राष्ट्रिय भवन संहिता पालना प्रवर्द्धन परियोजना
# (NBCC)

समाचारपत्र अङ्क ७, जेठ २०८२

## [परियोजनाको परिचय]

नेपालमा सुरक्षित भवन निर्माणका लागि नेपाल राष्ट्रिय भवन संहिता (NBC) र विभिन्न नगरपालिका/गाउँपालिकामा आ-आफ्नै भवन निर्माण मापदण्डहरू (Building By-Laws) छन् । कुनै पनि भवन निर्माण गर्नका लागि सर्वप्रथम घरधनीले नगरपालिकाबाट भवन निर्माण अनुमति लिनुपर्ने हुन्छ । यस्तो अनुमति लिनको लागि घरधनीले भवन निर्माण मापदण्ड र भवन संहिताको पूर्ण पालना हुने गरी आफ्नो आवश्यकता अनुसार घरको डिजाइन र नक्सा तयार पारी सम्बन्धित नगरपालिका/गाउँपालिकामा बुझाउनु पर्दछ । यसरी बुझाएको डिजाइन र नक्सा, भवन निर्माण मापदण्ड र भवन संहिता अनुरूप छ कि छैन भनी नगरपालिकाले चेकजाँच गरी भवन निर्माण अनुमति दिन्छ । भवन संहिता र भवन निर्माण मापदण्ड पालना गरी नक्सा अनुसार निर्माण गरिएका घरहरू भूकम्प प्रतिरोधी हुन्छन् । सो कुराको सुनिश्चित गर्न नक्सा पास गर्नुपरेको हो ।

भवन संहिता र भवन निर्माण मापदण्ड पालना नगरी निर्माण गरिएका घरहरू भूकम्पको बेला क्षतिग्रस्त हुनसक्छन् । साथै क्षतिग्रस्त घरले छिमेकीका घरहरूलाई समेत जोखिममा पार्न सक्छ । कतिपय घरधनीहरूले नगरपालिकाबाट भवन निर्माणको अनुमति नलिइकन निर्माण गर्ने गरेको पाइन्छ । नेपालमा भवन संहिता र भवन निर्माण मापदण्ड पालना गरी घरको निर्माण गर्ने दर सन्तोषजनक नभएको विभिन्न अध्ययनहरूले देखाएका छन् । यो अवस्था सुधार गर्नका लागि शहरी विकास मन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को सहयोगमा NBCC परियोजना शुरु गरेको हो । NBCC परियोजनाले नगरपालिकाहरूमा भवन निर्माण अनुमतिका लागि आवेदन दिने तथा निरीक्षण गर्ने प्रक्रियाहरूमा सुधार गरी भवन संहिता र भवन निर्माण मापदण्ड पालनाको दर वृद्धि गर्ने लक्ष्य राखेको छ । यसले भूकम्प-प्रतिरोधी भवन निर्माणको अभ्यास अभिवृद्धि गर्नेछ ।

**[ समाचारपत्रका विषयहरू (अङ्क ७) ]**

१. **प्रोत्साहन प्रणालीको परिचय**
२. **परियोजनाका उपलब्धिहरू**
३. **परियोजनाका पछिल्ला गतिविधिहरू**
४. **परियोजनाका सदस्यहरूको परिचय**

## [ १. प्रोत्साहन प्रणालीको परिचय ]

तीव्र गतिमा भईरहेको शहरीकरणका कारण नेपालमा सुरक्षित र मजबुत भवन निर्माण अति-आवश्यक बनिसकेको छ । विशेष गरी भूकम्पजस्ता प्राकृतिक विपद्को जोखिमलाई हेर्दा, भवन निर्माणको गुणस्तर र मापदण्ड अनुसार भवन निर्माण गर्नु अत्यावश्यक देखिन्छ । राष्ट्रिय भवन संहिता (NBC) र भवन निर्माण सम्बन्धी अन्य नियमहरू भएता पनि प्रभावकारी पालना भने अझै पर्याप्त भइरहेको छैन । जसको परिणामस्वरूप निर्माण भइरहेका संरचनाहरू कमजोर र असुरक्षित छन्, जसले विपद्को बेलामा ठूलो क्षति पुऱ्याउन सक्दछ ।

यी चुनौतीहरूको सामना गर्नका लागि यो परियोजनाले राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाई सशक्त बनाउने उद्देश्यका साथ विभिन्न पहलहरू अघि सारेको छ । यस अन्तर्गत भवन निर्माण प्रक्रिया परिमार्जन, विद्युतिय नक्सा पास प्रणाली (e–BPS) को स्तरोन्नती र निर्माण क्षेत्रमा संलग्न जनशक्तिको तालिम मार्फत दक्षता अभिवृद्धि गरिरहेको छ । साथै, यो परियोजनाले विश्वका अन्य मुलुकमा लागू भएका प्रोत्साहन प्रणालीहरूको अध्ययन गरी नेपालको सन्दर्भमा उपयुक्त हुने प्रोत्साहन प्रणाली विकास गरेको छ । यस प्रणालीको मुख्य उद्देश्य भनेको भवन संहिताको स्वतस्फुर्त पालना गर्न भवन निर्माण कार्यमा संलग्न सबै सरोकारवालाहरूलाई प्रेरित गर्नु र सुरक्षित तथा टिकाउ भवन निर्माणको संस्कृति विकास गर्नु हो ।



*स्थानीय तहका इन्जिनियरहरूसँग छलफल*

यस प्रणाली अन्तर्गत पहिलो चरणमा निर्माण व्यवसायी तथा सुपरिवेक्षण परामर्शदाताहरूको कार्यक्षमता र गुणस्तरको

आधारमा मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ। उक्त मूल्याङ्कन परिणामको आधारमा नगरपालिकाहरूले उत्कृष्ट निर्माण व्यवसायीहरू र सुपरिवेक्षण परामर्शदाताहरूलाई प्रमाणपत्र र सार्वजनिक सम्मान दिनेछन्। कार्यक्षमता मूल्याङ्कनको जानकारी सम्बन्धित स्थानीय तहको वेबसाइटमार्फत सर्वसाधारणले पनि सहजै प्राप्त गर्न सक्ने हुनाले यो प्रक्रिया पारदर्शी र निष्पक्ष हुनेछ। यसले घर बनाउन इच्छुक घरधनीहरूलाई योग्य र भरपर्दो निर्माण व्यवसायी तथा सुपरिवेक्षण परामर्शदाताहरूको छनोट गर्न सहयोग पुऱ्याउनेछ।

प्रोत्साहन प्रणालीले भवन निर्माण प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र डिजिटल प्रणालीको उपयोग मार्फत् विश्वसनीयता वृद्धि गर्नेछ। यो प्रणालीले सुधारिएको विद्युतिय नक्सा पास प्रणालीमार्फत कार्यसम्पादन मूल्याङ्कन तथा पुरस्कार व्यवस्थापनलाई एकीकृत गर्दै कामको प्रभावकारिता अझ बढाउनेछ।

यो प्रोत्साहन प्रणाली सुरक्षित र विपद्-प्रतिरोधी शहरको निर्माणतर्फ एक महत्वपूर्ण कदम हुनेछ। मापदण्डअनुसार उत्कृष्ट निर्माण कार्यको कदर गर्दै, यसले सुरक्षा र जिम्मेवारीको संस्कारलाई बढावा दिनेछ। साथै, व्यवसायिक सम्मान र विधिगत सहयोगले घरधनी, निर्माण व्यवसायी, सुपरिवेक्षण परामर्शदाता तथा स्थानीय तहका प्राविधिकहरूलाई सशक्त बनाउदै नेपालमा सुरक्षित भवन निर्माणको अभियानलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। अहिले परियोजनाले यो प्रणालीको परीक्षण कार्य अघि बढाइरहेको छ र सरोकारवालासँगको निरन्तर परामर्श मार्फत यसलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेको छ।



*टोखा नगरपालिकामा कार्यसम्पादन मूल्याङ्कन परिक्षण गरिदै*

## [ २ परियोजनाका उपलब्धिहरू ]

### २-१ भवन निर्माण कार्यविधि (BCWP) को कार्यान्वयनको अवस्था

राष्ट्रिय भवन संहिता अनुरुप भवन निर्माण कार्यविधिलाई परिमार्जित गरिएको छ। डिजाइन चेकजाँच, निरीक्षण, र निर्माण सम्पन्न प्रमाणपत्र जस्ता आवश्यक प्रक्रियालाई संशोधन गरी ७ वटा पाइलट नगरपालिकामा भवन निर्माण कार्यविधि कार्यान्वयन भइरहेको छ। यी नगरपालिकाहरूमा कार्यविधि परिक्षण गर्दा आएका समस्याहरूलाई सुधार गर्दै, यस कार्यविधिलाई एउटा नमुना (model) कार्यविधि बनाउने योजना रहेको छ। नेपाल सरकारले भविष्यमा यस परिमार्जित कार्यविधिलाई देशभर लागू गर्ने अपेक्षा गरिएको छ। यो कार्यविधिलाई सातवटै पाइलट नगरपालिकाले आफ्नो स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्न शुरु गरिसकेका छन्।

### २-२ तालिमको अभिलेख

परिमार्जित भवन निर्माण कार्यविधि (BCWP) र सुधारिएको विद्युतीय नक्सा पास प्रणाली (e–BPS) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, यस परियोजनाद्वारा तालीम सम्बन्धी प्रणालीको विकास गरिएको छ। धेरै व्यक्तिले तालिम लिन सकुन् भन्ने हेतुले "क्यास्केड विधि" अपनाईएको छ। क्यास्केड विधि अनुसार पहिलो चरणमा, मास्टर प्रशिक्षक तयार गर्न "मास्टर ट्रेनिङ अफ ट्रेनर्स (MTOT)" कार्यक्रम सञ्चालन गरिएको थियो भने दोस्रो चरणमा प्रशिक्षकहरू तयार गर्न "ट्रेनिङ अफ ट्रेनर्स (TOT)" आयोजना गरिएको थियो। यसै गरी तेस्रो चरणमा ती प्रशिक्षकहरूले विभिन्न नगरपालिकाहरूसँग सम्बद्ध व्यक्तिहरूलाई तालिम दिएका थिए।

दोस्रो चरणमा, सातवटै पाइलट नगरपालिकाका प्राविधिकहरू र सम्बन्धित नगरपालिकामा दर्ता भएका डिजाइनर तथा सुपरिवेक्षण परामर्शदाताहरूलाई तालिम दिइएको थियो। यसका साथै, पाइलट नगरपालिकाहरूमा "अन-द-जब-ट्रेनिङ (OJT)" पनि सञ्चालन गरिएको छ, जसमा डिजाइनर र सुपरिवेक्षण परामर्शदाताले चेकलिस्ट भर्ने, निरीक्षण प्रतिवेदनका लागि तस्वीर खिच्ने, र e–BPS प्रणाली प्रयोग गर्ने जस्ता व्यावहारिक अभ्यासहरू गरिएका छन्। महालक्ष्मी नगरपालिकामा स्थानीय तहका प्राविधिकहरूका लागि पनि अन-द-जब-ट्रेनिङ सञ्चालन गरिएको थियो। तेस्रो चरणदेखि शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) ले काठमाडौं उपत्यकाका पाइलट नगरपालिकाहरू बाहेक अन्य नगरपालिकाका प्राविधिकहरू र सम्बन्धित व्यक्तिहरूलाई तालिम दिँदै आएको छ।

शहरी विकास तथा भवन निर्माण विभागले नेपाल इन्जिनियर्स एशोसिएसन (NEA) र नेपाली वास्तुविद् समाज (SONA) सँग सहकार्य गरी तालिम सञ्चालन गरेको छ। तालिमलाई अझ प्रभावकारी बनाउन अन्य सम्बन्धित संस्थासँग समन्वय

गरी आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। साथै शहरी विकास तथा भवन निर्माण विभागले परियोजनाको अवधिपछि पनि निरन्तर तालिम सञ्चालन गर्न सकोस् भन्ने हेतुले, परियोजनाले तालिमको योजना तर्जुमा गर्ने र सामग्री व्यवस्थापन गर्ने जस्ता काममा सहयोग गरिरहेको छ।

अन्त्यमा, परियोजना तालिम सफल बनाउन मद्दत गर्ने भवन विभाग, स्थानीय तहका प्रमुख, अन्य अधिकारी, इन्जिनियर र सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छ। विशेषगरी, तालिममा सक्रिय रूपमा सहभागी भई महत्वपूर्ण सुझाव दिने सबैलाई हार्दिक आभार छ। तपाईंहरूको योगदानले भविष्यमा यो तालिम प्रणाली अझ प्रभावकारी बन्नेछ।

## तालिम कार्यक्रमका विवरणहरू

| सि. न. | तालिमको विवरणहरू | तालिम सङ्ख्या | सहभागीहरूको सङ्ख्या |
|---|---|---|---|
| १ | **मास्टर प्रशिक्षण (Master TOT)** | | |
| | मास्टर प्रशिक्षण (आधारभूत तालिम) | ४ | ९५ |
| | मास्टर प्रशिक्षण (स्तरोन्नति तालिम) | ३ | ५५ |
| २ | **मास्टर प्रशिक्षकहरू परिचालन गरि विभिन्न स्तरमा तालिम** | | |
| | पाईलट नगरपालिकाका इन्जिनियरहरूका लागि TOT | १३ | ३२२ |
| | TOT (फलो-अप तालिम) | २ | ८२ |
| ३ | **अन-द-जब-ट्रेनिङ्ग** (OJT) | ६ | १७० |
| ४ | **नन पाइलट नगरपालिकामा सञ्चालन गरिएका तालिम** | ९ | २६५ |
| | **जम्मा** | ३७ | ९८९ |

## तालिमका तस्बीरहरू



*Master TOT (व्याख्यान सत्र)*



*Master TOT (प्रयोगात्मक तालिम सत्र)*



*Master TOT (प्रमाणपत्र वितरण)*



*TOT, तारकेश्वर नगरपालिका*



*TOT, नन-पाइलट नगरपालिकाहरू*



*दक्षिणकाली नगरपालिकामा गरिएको अन-द-जब-ट्रेनिङ (On–the–Job–Training)*

## २–३ भवन निर्माण कार्यविधि लागू भएका केही नगरपालिकाका इन्जिनियरहरूको प्रतिक्रिया



**सुबन महर्जन**
*महालक्ष्मी नगरपालिका*

परिमार्जित भवन निर्माण कार्यविधि निर्माणको गुणस्तरमा सुधार ल्याउने एउटा महत्वपूर्ण कदम हो । यसले घरधनीहरूसँगको सम्बन्धलाई बलियो बनाउनुका साथै भवन संहिताको पालनामा सुधार ल्याउँछ र सरोकारवालाहरूको भूमिका स्पष्ट रूपमा परिभाषित गर्छ। यद्यपि कार्यान्वयनका क्रममा प्राविधिक जनशक्ति र जनचेतनाको कमी जस्ता चुनौतीहरू विद्यमान छन्। त्यसैले, राष्ट्रिय भवन संहिताको सही रूपमा पालना गर्न घरधनीहरूका लागि आर्थिक प्रोत्साहन तथा जनचेतनामूलक कार्यक्रमहरू आवश्यक छन् । यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले सुरक्षित तथा विपद्-प्रतिरोधी संरचनाहरू निर्माण गर्न मद्दत गर्छ र जनतालाई अझ सचेत बनाउँछ।



**लोकेन्द्र आचार्य**
*टोखा नगरपालिका*

e–BPS को प्रभावकारी कार्यान्वयनले कार्यस्थलको कार्यप्रवाह अझ सहज बनाएको छ भने आवश्यक तथ्याङ्कहरू पनि सजिलै उपलब्ध भएका छन्। सुपरिवेक्षण परामर्शदाताहरूले निर्माणको प्रगतिबारे नियमित रूपमा ताजा जानकारी दिन थालेका छन् जसले गर्दा घरधनी र अन्य सरोकारवालाहरूलाई महत्त्वपूर्ण जानकारी पाउन सहज भएको छ। यो परम्परागत प्रणालीलाई परिमार्जित गरेर आधुनिक प्रणालीमा विकास गरिएको हो। यो प्रणाली अपनाउँदा शुरुको चरणमा केही कठिनाइ तथा चुनौतीको सामना पनि गर्नुपर्छ।

निर्माणको गुणस्तर सुधार गर्नका लागि डिजाइनर, सुपरिवेक्षण परामर्शदाता, निर्माण व्यवसायी र घरधनीलाई थप तालिम दिन आवश्यक छ । साथै, स्थानीय सरकारहरूसँग सहकार्य गरी निर्माण हुने सबै भवनमा कंक्रिटको क्युब परीक्षण (Concrete Cube Test) गर्न सकेमा सुरक्षित भवन निर्माण गर्ने उद्देश्य पूरा गर्न सकिन्छ।



**सुरज गुरूङ**
*दक्षिणकाली नगरपालिका*

परिमार्जित भवन निर्माण कार्यविधिले उपयुक्त सामग्रीको प्रयोग, परीक्षण र सुपरिवेक्षणको सुनिश्चितता गरेको छ जसले गर्दा तुलनात्मक रुपमा सुरक्षित संरचनाहरू निर्माण भएका छन्। चार चरणको अनिवार्य निरीक्षणले डिजाइनर, सुपरिवेक्षण परामर्शदाता र निर्माण व्यवसायीहरूलाई अझ बढी उत्तरदायी बनाएको छ यद्यपि घरधनी माथि बढ्दो खर्चको भार, र सिमित क्षमताका निर्माण सामग्री परीक्षण प्रयोगशालाहरू नहुनु जस्ता चुनौतीहरू भने बाँकी नै छन्।

कार्यविधि कार्यान्वयन सुधार गर्नका लागि मुख्यतया यी बुँदाहरू पालना गर्नु पर्दछ : -

- नगरपालिकामा प्रयोगशाला स्थापना गर्ने,
- शहरी विकास तथा भवन निर्माण विभागद्वारा अनुगमन प्रणालीको विकास गर्ने,
- राजनीतिक नेतृत्वमा चेतना अभिवृद्धि गर्ने,
- भवन निर्माण कार्यविधिलाई विद्यमान कानुनी व्यवस्थासँग समायोजन गर्ने
- स्थानीय निर्माणकर्ताहरूलाई निर्माण व्यवसायीको संलग्नता बिना नै साधारण आवासीय भवन निर्माण गर्न अनुमति दिने

यी कदमहरूले भवन निर्माण कार्यविधिको प्रभावकारी र व्यावहारिक कार्यान्वयन सुनिश्चित गर्दछन्।

**परिमार्जित भवन निर्माण कार्यविधि लागू गरिएका नगरपालिकाहरूमा सञ्चालित क्रियाकलापहरू**

| क्र.सं | नगरपालिकाको नाम | घरधनीहरूका लागि अभिमुखीकारण | नगरपालिकाका इन्जिनियरहरूका लागि TOT | सुपरिवेक्षण परामर्शदाता र डिजाइनरका लागि TOT | निर्वाचित जनप्रतिनिधिहरूका लागि कार्यशाला | डिजाइनरका लागि OJT |
|---|---|---|---|---|---|---|
| १ | ललितपुर महानगरपालिका | | ✓ | ✓ | | ✓ |
| २ | टोखा नगरपालिका | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३ | महालक्ष्मी नगरपालिका | | ✓ | ✓ | | ✓ |
| ४ | तारकेश्वर नगरपालिका | | ✓ | ✓ | | ✓ |
| ५ | सूर्यविनायक नगरपालिका | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | दक्षिणकाली नगरपालिका | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | बागमती गाउँपालिका | | ✓ | | | |

## [ ३ परियोजनाका गतिविधिहरू ]

- **कार्तिक ३०, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा बागमती गाउँपालिकामा एक दिने कार्यशालाको आयोजना गरियो। कार्यशाला e–BPS, स्थानीय तहका प्राविधिकहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **मंसिर ५ र ६, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा ललितपुर महानगरपालिकामा दुई दिने कार्यशालाको आयोजना गरिएको थियो। कार्यशाला e–BPS, डिजाइनर तथा सुपरिवेक्षण परामर्शदाताहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **मंसिर ७, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा ललितपुर महानगरपालिकामा एक दिने कार्यशालाको आयोजना गरिएको थियो। कार्यशाला e–BPS, स्थानीय तहका प्राविधिकहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **पुष १७, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा टोखा नगरपालिकामा एक दिने क्षमता अभिवृद्धि तालिमको आयोजना गरिएको थियो। कार्यशाला e–BPS, डिजाइनर तथा सुपरिवेक्षण परामर्शदाताहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **माघ ६, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा सूर्यविनायक नगरपालिकामा एक दिने कार्यशालाको आयोजना गरिएको थियो। कार्यशाला e–BPS, डिजाइनर तथा सुपरिवेक्षण परामर्शदाताहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **माघ ७, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा सूर्यविनायक नगरपालिकामा एक दिने कार्यशालाको आयोजना गरिएको थियो। कार्यशाला e–BPS, स्थानीय तहका प्राविधिकहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।
- **माघ २०,२०८१:** शहरी विकास मन्त्रालयमा पाँचौ JCC बैठक सम्पन्न भयो।

- **चैत्र ७ र ८, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा महालक्ष्मी नगरपालिकामा दुई दिने कार्यशालाको आयोजना गरियो । कार्यशाला e–BPS, स्थानीय तहका प्राविधिकहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो ।
- **चैत्र २२, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा महालक्ष्मी नगरपालिकामा एक दिने क्षमता अभिवृद्धि तालिमको आयोजना गरिएको थियो । कार्यशाला e–BPS, डिजाइनर तथा सुपरिवेक्षण परामर्शदाताहरूको भूमिका तथा उत्तरदायित्वमा केन्द्रित थियो ।

### परियोजनाको प्राविधिक सहयोग

- **पुष ४ र ५, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा भवन संहिता कार्यान्वयनको परीक्षणका लागि छनोटमा नपरेका काठमाण्डौ उपत्यकाका नगरपालिकाका प्राविधिक जनशक्तिका लागि राष्ट्रिय भवन संहिता, e–BPS, BCWP सम्बन्धमा दुई दिने तालिम प्रदान गरिएको थियो । उक्त तालिम शहरी विकास तथा भवन निर्माण विभागले आयोजना गरेको थियो ।
- **फागुन २०–२६, २०८१:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधि र सुधारिएको e–BPS को बारेमा नेपाल इन्जिनियर्स एशोसीएसनमा सिभिल इन्जिनियर र आर्कीटेक्ट्हरूको लागी २ दिने तालिम ३ चरणमा आयोजना गरियो । उक्त तालिम शहरी विकास तथा भवन निर्माण विभाग र नेपाल इन्जिनियर्स एशोसीएसनले संयुक्त रुपमा आयोजना गरिएको थियो ।
- **वैशाख २२–२३, २०८२:** अद्यावधिक गरिएको भवन निर्माण कार्यविधि र सुधारिएको e–BPS को बारेमा शहरी विकास तथा भवन निर्माण विभागमा  आर्कीटेक्ट्हरूको लागी दुई दिने तालिम आयोजना गरिएको थियो । उक्त तालिम शहरी विकास तथा भवन निर्माण विभाग र नेपाली वास्तुविद् समाज (SONA) ले संयुक्त रुपमा आयोजना गरेको थियो ।

## [ ४ परियोजनाका सदस्यहरूको परिचय ]

समाचारपत्रको यस अङ्कमा हामीले यस परियोजनाका केही सदस्यहरू तथा कर्मचारीहरूको परिचय प्रस्तुत गरेका छौं ।


**ताकाहितो आकाजावा (जापानी विज्ञ)**

आवास तथा वित्तिय नीति सम्वन्धी कार्य उहाँको प्रमुख जिम्मेवारी हो ।



सुन्दर नेपालका मिलनसार नेपालीहरूसँग समय व्यतित गर्न पाउनु मेरा लागि अत्यन्तै अविस्मरणीय अनुभव हो ।

सरोकारवालाहरूलाई नीति-नियमहरू स्वैच्छिक रूपमा पालना गर्न उत्प्रेरित गर्नमा प्रोत्साहन प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ ।



**जीवन भट्टराई**

उहाँ यस परियोजनामा प्रोत्साहन प्रणालीको कार्यको लागि जिम्मेवार व्यक्ति हुनुहुन्छ ।

**परियोजनाको वेबसाइट हेर्नुहुन अनुरोध गर्दछौं**

रजिष्ट्रेशन गरिसकेपछि तपाइँहरूले हाम्रो वेबपेजमा प्रवेश पाउनुहुनेछ ।

https://sites .google .com/view/nbcctraining/home

रजिष्ट्रेशन | वेबपेज | *BCWP* भिडियो

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA)को प्राविधिक सहयोगमा
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभागद्वारा कार्यान्वयन गरिएको